# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## गभर्नर - विश्व बैंक निर्देशक भेटवार्ता

गभर्नर डा. युवराज खतिवडासँग विश्व बैंकका नव नियुक्त Country Director Johamnes C.M. Zutt ले जेठ २ गते शिष्टाचार भेट गर्नुभयो । भेटमा उहाँहरुबीच नेपालको सङ्क्षिप्त आर्थिक अवस्थाका साथै विश्व बैंकद्वारा नेपाललाई प्रदान गर्ने सहयोग, तिनको अवस्था तथा आगामी कार्यक्रम एवम् समस्याग्रस्त बैंकको व्यवस्थापन, विश्व बैंकको सहयोगमा सञ्चालित विभिन्न परियोजनाहरुको स्थिति लगायतका विषयमा विचार आदान प्रदान भएको थियो ।



भेटमा गभर्नर खतिवडाले मुलुकको समष्टिगत आर्थिक स्थिति, वित्तीय क्षेत्र स्थायित्व लगायतका विषयमा सङ्क्षिप्त प्रकाश पार्नुभएको थियो । उहाँले राजनैतिक सङ्क्रमणका बाबजुद वित्तीय क्षेत्रमा जनविश्वास बढ्दै गएकोले सो क्षेत्रमा स्थायित्व कायम हुँदै गएको, वित्तीय परिसूचकहरु प्राय सकारात्मक रहेको, समष्टिमा वित्तीय प्रणालीमा कुनै प्रणालीगत जोखिम नरहेको र यसबाट लगानीका लागि अनुकूल वातावरण समेत बनेको विचार व्यक्त गर्नुभएको थियो । साथै उहाँले सरकारी स्वामित्वका बैंकहरुको वित्तीय स्वास्थ्य क्रमशः मजबुत बन्दै गएको जानकारी समेत गराउनुभएको थियो ।

भेटमा नवनियुक्त निर्देशक Zutt ले वित्तीय क्षेत्र स्थायित्वका लागि नेपाल राष्ट्र बैंकले लिएका कदमहरु सकारात्मक रहेको र उचित कदमहरुबाट जोखिममा परेको वित्तीय प्रणालीलाई स्थायित्वतर्फ लान सकेको धारणा राख्नुभएको थियो । उहाँले विश्व बैंकद्वारा नेपालको विकास प्रयास खास गरी ऊर्जा क्षेत्रमा आफ्नो लगानी बढाउने र वित्तीय सुधारमा सहयोग जारी राख्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । साथै, गभर्नर खतिवडाले विश्व बैंकले नेपालको विकास साझेदारका रूपमा खेलेको भूमिकाका लागि धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

**गभर्नरको कार्यालय**
मिति २०७० जेठ २ गते, बिहीबार